# शिवनाथ गाउँपालिका

## सुल्लेखान, वैतडी

## सुदुरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## शिवनाथ गाउँपालिकाद्वारा प्रकाशित

*खण्ड : १ अंक : १ मिति : २०७५ साल फागुन २१ गते मंगलबार*

## भाग १

## शिवनाथ गाउँपालिकाको आर्थिक ऐन, २०७५

शिवनाथ गाउँ सभाको मिति २०७५।११।२१ गतेको बैठकबाट स्वीकृत भएको “**शिवनाथ गाउँपालिकाको आर्थिक ऐन, २०७५**” स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# शिवनाथ गाउँपालिकाको आर्थिक ऐन, २०७५

## शिवनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शिवनाथ गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **एकिकृत सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/ घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **घाट तारउतार तथा नदिजन्य :** अनुसूची १३ मा उल्लिखित घाट तारउतारबाट नदि जन्य बस्तु निकासा गरेको अवस्था अनुसुचि बमोजिम बार्षिक शुल्क एकमुष्ट रुपमा लाग्ने छ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका/ नगरपालिकाले तोके अनुसार हुने छ ।

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

७ नं. प्रदेश, नेपाल

# करका दर

# अनुसूचि १

*आ.ब. २०७५।०७६*

| सि.नं | शिर्षक | विवरण | अनुमानित घर संख्या | राजस्व दर प्रतिशत | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | | एकृकित सम्पत्ति कर (स्व. घोषणा) | ४००० | ०.२५ प्रतिशत | १०००००० |
| जम्मा | | | | | १०००००० |

शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
७ नं. प्रदेश, नेपाल

# करका दर

# अनुसूचि २

*आ.व. २०७५।०७६*

| सि.नं | शिर्षक | विवरण | राजस्व दर |
|---|---|---|---|
| १ | घर बहाल कर | घरभाडा | २ प्रतिशत |

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

७ नं. प्रदेश, नेपाल

**करका दर**

**अनुसूचि ३**

***आ.ब. २०७५।०७६***

| सि.नं | शिर्षक | विवरण | शुल्क |
|---|---|---|---|
| १ | व्यवसाय कर | किराना पसल, कपडा पसल वा यस्तै प्रकृतिका पलस दर्ता सिफरिस दस्तुर | १००० |
| | | किराना पसल, कपडा पसल वा यस्तै प्रकृतिका पलस नवीकरण दस्तुर | ५०० |
| २ | | आटा, चक्की, तेल पेल्ने व्यवसाय संचालन सिफारिस दस्तुर | १००० |
| | | आटा, चक्की, तेल पेल्ने व्यवसाय संचालन नवीकरण दस्तुर | ५०० |
| ३ | | मासु पसल संचालन दर्ता सिफारिस दस्तुर | १००० |
| | | मासु पसल संचालन नवीकरण दस्तुर | ५०० |
| ४ | | खुद्र साना पसल दर्ता | ५०० |
| | | खुद्र साना पसल नविकरण | २५० |
| ५ | | स्टेशनरी तथा पत्रपत्रिका समग्रीहरु पसस संचालन सिफरिस दस्तुर | १००० |
| | | स्टेशनरी तथा पत्रपत्रिका समग्रीहरु पसस नवीकरण दस्तुर | ५०० |
| ६ | | होटल व्यवसाय (लज, गेष्ट हाउस आदि) संचालन सिफारिस दस्तुर | १५०० |
| | | होटल व्यवसाय (लज, गेष्ट हाउस आदि) नवीकरण दस्तुर | १००० |
| ७ | | चिया, मिठाई तथा भोजनालय संचालन सिफारिस दस्तुर | ५०० |
| | | चिया, मिठाई तथा भोजनालय संचालन नवीकरण दस्तुर | २५० |
| ८ | | छापाखाना संचालन सिफारिस दस्तुर | २००० |
| | | छापाखाना संचालन नवीकरण दस्तुर | १००० |
| ९ | | मेडिकल, भेटनरी पसल दर्ता संचालन सिफारिस दस्तुर | २००० |
| | | मेडिकल, भेटनरी पसल संचालन नवीकरण दस्तुर | १००० |
| १० | | घरेलु तथा साना उद्योग संचालन सिफारिस दस्तुर | १५०० |
| | | घरेलु तथा साना उद्योग संचालन नविकरण दस्तुर | १००० |
| ११ | | सवारी साधन मर्मत बर्कसप दर्ता (सिफारिस) | १५०० |
| | | सवारी साधन मर्मत बर्कसप नविकरण (सिफारिस) | १००० |
| १२ | | व्यवसायिक तालिम केन्द्र, इन्टिच्यूट, मोवाईल मर्मत केन्द्र दर्ता | २००० |
| | | व्यवसायिक तालिम केन्द्र, इन्टिच्यूट, मोवाईल मर्मत केन्द्र नविकरण | १००० |
| १३ | | फर्नितर उद्योग संचालन दर्ता सिफारिस दस्तुर | २००० |
| | | फर्नितर उद्योग संचालन नवीकरण दस्तुर | १००० |
| १४ | | हार्डवयर दर्ता | २००० |
| | | हार्डवयर नविकरण | १००० |

**शिवनाथ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शिवनाथ, बैतडी**
**७ नं. प्रदेश, नेपाल**
**करका दर**
**अनुसूचि ४**
**आ.ब. २०७५।०७६**

| सि.नं | शिर्षक | विवरण | राजस्व दर(प्रति के.जी.) |
| --- | --- | --- | --- |
| १ | वन उत्पादन, जडिबुटी, कवाडी र जीवजन्तु कर | सल्ला खोटो | २ |

शिवनाथ गाउँपालिका

***गाउँ कार्यपालिकाको कार्यालय***

शिवनाथ, ***बैतडी***

***७ नं. प्रदेश, नेपाल***

***करका दर***

***अनुसूचि ५***

***आ.ब. २०७५।०७६***

| सि.नं | शिर्षक | विवरण | राजस्व दर |
|---|---|---|---|
| १ | सवारी साधन कर | हेवी ट्रक, टेक्टर, टिप्पर तगायतका हेवी सावरी साधन | [illegible] |
| २ | | भाडाका कार, जिप, टाटा सुमो | १००० |
| ३ | | स्कुटर, मोटरसाइकल लगाृतका २ पाग्रे सवारी साधन | ५०० |

शिवनाथ गाउँपालिका

***गाउँ कार्यपालिकाको कार्यालय***

शिवनाथ, ***बैतडी***

***७ नं. प्रदेश, नेपाल***

***करका दर***

***अनुसूचि ६***

***आ.ब. २०७५।०७६***

| सि.नं | शिर्षक | विवरण | राजस्व दर(प्रति होडिङ्ग बोर्ड |
|---|---|---|---|
| १ | विज्ञापन कर | विज्ञापन कर | ५०० |

शिवनाथ गाउँपालिका

***गाउँ कार्यपालिकाको कार्यालय***

शिवनाथ, ***बैतडी***

***७ नं. प्रदेश, नेपाल***

***करका दर***

***अनुसूचि ७***

***आ.ब. २०७५।०७६***

| सि.नं | शिर्षक | विवरण | राजस्व दर |
|---|---|---|---|
| १ | मनोरञ्जन कर (मेलामा लगाइने कर) | सामान्य चिया पसल | १०० |
| २ | | होटल व्यवसाय | ५०० |
| ३ | | खुद्रा पसल | २०० |
| ४ | | ठुला व्यापारी(मिठाई, फेन्सी | १००० |

शिवनाथ गाउँपालिका

***गाउँ कार्यपालिकाको कार्यालय***

शिवनाथ, ***बैतडी***

***७ नं. प्रदेश, नेपाल***

***करका दर***

***अनुसूचि ८***

***आ.व. २०७५।०७६***

| सि.नं | शिर्षक | विवरण | राजस्व दर |
|---|---|---|---|
| १ | बहाल बिटौरी शुल्क | प्रति ऐलानी जग्गामा स्वीकृत बमोजिम निर्मित टहरा, छाप्रा आदि | मासिक ५०० |

शिवनाथ गाउँपालिका

***गाउँ कार्यपालिकाको कार्यालय***

शिवनाथ, ***बैतडी***

***७ नं. प्रदेश, नेपाल***

***करका दर***

***अनुसूचि ९***

***आ.व. २०७५।०७६***

| सि.नं | शिर्षक | विवरण | राजस्व दर | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ शुल्क | बस पार्क निर्माण गरि पार्किङ शुल्क निर्धारण तथा संकलन गर्ने | ० | |

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

७ नं. प्रदेश, नेपाल

# करका दर

## अनुसूचि १०

## आ.व.२०७५/ २०७६

| सि.नं | शिर्षक | विवरण | राजस्व दर |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग, ऱ्यफ्टीङ्ग शुल्क | सम्भाव्यता अध्ययन गरी निर्धारण गर्ने | ० |

शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
७ नं. प्रदेश, नेपाल

# करका दर

# अनुसूचि ११

*आ.ब. २०७५/०७६*

| सि.नं | शिर्षक | विवरण | अनुमानित सेवा संख्या | राजस्व दर |
|---|---|---|---|---|
| १ | सेवा शुल्क, दस्तुर | निवेदन दस्तुर | ५०० | १० |
| २ | | नागरिता सिफरिस | ५०० | १०० |
| ३ | | नगरिकता पैतिलिपि सिफारिस | ५० | २०० |
| ४ | | सामान्य सिफारिस | ५०० | ५० |
| ५ | | नाम, थर संशोधन सिफरिस | २५ | ५० |
| ६ | | सर्जमिन मुचुल्का दस्तुर | २० | ५०० |
| ७ | | नाता प्रमाणित सिफारिस | ५० | १०० |
| ८ | | खानेपानी, विधुत, टेलिफोन जडान सिफरिस ( आवासिय) | १० | १०० |
| ९ | | खानेपानी, विधुत, टेलिफोन जडान सिफरिस ( व्यवसायिक) | ५ | २०० |
| १० | | सम्पत्ति मुल्यांकन (मूल्यांकन रकममा) | | ०.२५ प्रतिशत |
| ११ | | आय प्रमाणित (आम्दानी प्रमाणित रकममा) | | ०.२५ प्रतिशत |
| १२ | | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | २०० | ५० |
| १३ | | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | २०० | ५० |
| १४ | | बन्धुक नविकरण | ५० | २०० |
| १५ | | जग्गा नामसारी, रजिष्टेशन दाखिला, खारेज सिफारिस | ५० | २०० |
| १६ | | संघ संस्था दार्ता शुल्क | ५ | ५०० |
| १७ | | संघ संस्था नविकरण | २० | २०० |
| १८ | | नक्सा पास दस्तुर | ५० | ५०० |
| १९ | | घर जग्गा चार किल्ला प्रमाणित सिफारिस | १० | २०० |
| २० | | गाउँ पार्श्वचित्र, आवधिक योजना, वार्षिक योजना जस्ता प्रकाशित पुस्तिका खरिद | | २०० |
| २१ | | सानो प्रतिका प्रकाशन,बुलेटिन खरिद (प्रति पाना) | | १० |

शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
७ नं. प्रदेश, नेपाल

# करका दर

# अनुसूचि १२

आ.व. २०७५।७६

| सि.नं | शिर्षक | विवरण | राजस्व दर | कैफियत |
|---|---|---|---|---|
| १ | पयर्टन शुल्क | सम्भाव्यता अध्ययन गरी निर्धारण गर्ने | ० | |

शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
७ नं. प्रदेश, नेपाल

# करका दर

## अनुसूचि १३

आ.व. २०७५।७६

| सि.नं | शिर्षक | विवरण | राजस्व दर | कैफियत |
|---|---|---|---|---|
| १ | घाट तार उतार | नागार्जुन घाट तार उतार | ४२३५० | एकमुष्ट रुपमा वार्षिक |
| २ | | कुस्माउत घाट तार उतार | १४४२२०० | एकमुष्ट रुपमा वार्षिक |
| ३ | | खैरेनी घाट तार उतार | ४२३५० | एकमुष्ट रुपमा वार्षिक |
| ४ | | माहाकाली नदी बालुवा संकलन | ५०००० | एकमुष्ट रुपमा वार्षिक |

**आज्ञाले,**

**कमल सिह महरा**

**प्रमुख प्रशासकीय अधिकृत**